# जलवायु उत्थान खानेपानी सरसफाइ स्वच्छता परियोजना
(Climate Resilient WASH Pilot Project in Nepal)

**परियोजना हस्तान्तरण**

मार्च २०२४

## सिंजा गाँउपालिका

## जुम्ला

पेस नेपाल-जुम्लाप्लान इन्टरनेशलन, नेपाल

# विषयसुची


१. परियोजनाको पृष्ठभुमी....3

२. परियोनाको जानकारी....3

३. परियोजनाको लक्ष्य र उद्देश्य....4

४. परियाजनाको क्षेत्र....4

५.परियोजनाकाप्रमुख सरोकारवालाहरु....5

६. परियोजनाको लागत र वितरण....6

७. परियोजना सम्बन्धि कागजातहरु....10

क. लाभग्राहीहरुको विवरण....10

ग. परियोजना अवधिका फोटोहरु....13

८. असल अभ्यास तथा सिकाइ....19

९.समस्या तथा चुनौतीहरु....19

१०. परियोजना कर्मचारीको विवरण....20

११. अगामी कार्यका लागी सुझावहरु....21

## १. परियोजनाको पृष्ठभुमी

नेपाल बाढी, पहिरो, भूकम्प, असिना, खडेरी, हिमपहिरो, हावाहुरी, चट्याङ, आगलागी र चरम मौसमी घटनाका कारण जनधन, भौतिक सम्पत्ति र जीविकोपार्जनको साथै वातावरणिय क्षति हुने मुलुकमापर्दछ । (MoFE 2018)यसका साथै जलवायु परिवर्तनका कारण हुने प्रतिकूल असरको जोखिममा पनि छ । यस सन्दर्भमा कर्णाली प्रदेशको जुम्ला जिल्ला प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको उच्च जोखिममा रहेको छ ।२०२२ अक्टोबर ७-११ सम्मको मनसुन पछिको वर्षाले देशभर र विशेषगरी कर्णाली प्रदेशमा पहिरो र बाढी उत्पन्न गराएको थियो, जसले गर्दा जुम्ला जिल्लामा जम्मा १९४५ घरधुरी प्रभावित भएका थिए, यसरी पहिरो र बाढीबाट कुल ९,७५७ व्यक्ति प्रभावित भएका थिए। जसमध्ये १ हजार ६ घर पुर्ण क्षति र १ हजार ५ सय ६१ घरमा आंशिक क्षति पुगेको थियो । (जिल्ला प्रशासन कार्यालय, जुम्ला)पहिरो र बाढीका कारण विशेषगरी बालबालिका तथा महिलाहरु बढी प्रभावित भएका छन् जहाँ उनीहरुले पर्याप्त खाना, न्यानो कपडा र घरायसी तथा विद्यालय तहमा खानेपानी सरसफाई सुविधाबाट वञ्चित भएका छन् ।सङ्कलन गरिएको तथ्याङ्क अनुसार कनकसुन्दरी, हिमा र सिंजा गाउँपालिकामा क्रमशः ७ सय ६५, ६४२ र ५३८ वटा साना र ठूला जलस्रोतमा ठूलो क्षति पुगेको छ । त्यसैगरी तीनवटै पालिकामा जम्मा ५२२ निजी शौचालय र १० सार्वजनिक शौचालयमा क्षति पुगेको छ। र बाढी पहिरोबाट प्रभावित समुदायका मानिसहरुखानेपानी सरसफाई स्वच्छतासुविधाको अभावमा बाँच्न बाध्य छन् ।जुम्ला जिल्लाका तिन वटा गाउँपालिकाका क्रमसः हिमा, सिजां र कनकासुन्दरीका ६६ विद्यालयमध्ये ५२ विद्यालय प्रभावित भएका छन् । जसमध्ये ६  वटा विद्यालयपूर्ण क्षति र ४६ वटा विद्यालयआंशिक रुपमा क्षति भएका छन् ।(जिल्ला प्रशासन कार्यालय, जुम्ला)यस सन्दर्भमा, बाढी र पहिरोबाट जनसमुदायको खानेपानी सरसफाई स्वच्छतासुविधाहरूमा पुर्नःस्थापना गर्ने उद्देश्यका साथ *"जलवायु उत्थान खानेपानी सरसफाई स्वच्छतापरियोजना"*विकसित गरिएको छ ।

## २. परियोनाको जानकारी

**परियोजनाको नामः** **जलवायु उत्थान खानेपानी सरसफाई स्वच्छतापरियोजना***(Climate Resilient WASH Pilot Project In Nepal)*

**परियोजना सञ्चालन क्षेत्रः** *हिमा, सिंजा र सिंजागाँउपालिका, जुम्ला -कर्णाली प्रदेश  (प्रायोजित बालबालिका तथा समुदाय)*

**परियोजनाको अवधिः** *१ वर्ष (चैत्र-२०७९ देखी चैत्र-२०८०)(April, 2023 - March, 2024)*

**आर्थिक सहयोगः** *प्लान इन्टरनेशनल नेपाल (HKNO)*

**कार्यान्वयनः** *साझेदारी सहायता केन्द्र - पेस नेपाल, जुम्ला*

बाढी र पहिरोबाट प्रभावित समुदायहरूको पुर्नस्थापना प्रक्रिया र गहन जलवायु प्रकोपबाटखानेपानी सरसफाई स्वच्छतासुविधाहरूमा गम्भीर क्षतिलाई पुर्ननिमार्ण गर्न र दिगो सामुदायिक विकासलाई प्रवर्द्धन गर्ने उदेश्यका साथ *"जलवायु उत्थान खानेपानी सरसफाई स्वच्छतापरियोजना"*विकसित गरिएको छ । साथै परियोजनाले घर, सामुदायिक र विद्यालय स्तरहरूमाखानेपानी सरसफाई स्वच्छता प्रणालीको लचिलोपनलाई बलियो बनाउन महत्वपुर्ण योगदान पुर्‍याउने अपेक्षा राखेको छ ।जलवायु परिवर्तनको प्रभाव अन्तर्गत भविष्यमा आईपर्ने प्रकोपहरूको सामना गर्न, वैज्ञानिक तरिकाले डिजाइन गरिएको खानेपानी आपूर्ति र सरसफाइ सुविधाहरू उपभोग गर्ने उद्देश्यका साथ परियोजनाको शुरुवात भएको छ।जलवायु उत्थानशिलता बाहेक, यस परियोजनामा महिला र किशोरीहरूलाई सशक्त बनाउन र

**खानेपानी सरसफाई** गतिविधिहरूको बारेमा निर्णय प्रक्रियामा भाग लिन सक्षम बनाउनसामाजिक समावेशी र  लैगिंक मुद्दाहरू लाई पनिसमावेश गरिएको छ । **यसका साथै** महिनावारीको समयमा महिला/किशोरीहरूलाई सार्वजनिक धाराहरू प्रयोग गर्न प्रतिबन्ध लगाइएकाले विपद्को घटनापछि **खानेपानी सरसफाइ**सुविधाहरू र मर्यादित महिनावारी व्यबस्थापनमाकिशोरीहरू र महिलाहरूको पहुँच बढ्ने अपेक्षा गरेको छ। यो परियोजना मार्फतबाढी र पहिरो प्रभावित समुदाय तथा मानिसहरुका साथै प्रायोजक बालबालिकाहरूमा केन्द्रित गर्दै र तिनीहरूका परिवारहरूलाई सुरक्षित, सम्मानजनक रूपमा आफ्नो **खानेपानी सरसफाइ** तथा **स्वच्छता**सुविधाहरूको पुनः प्राप्ति गर्न सहयोग गर्नेछ।

## ३. परियोजनाको लक्ष्य र उद्देश्य

परियोजनाको बाढी र पहिरो प्रभावित समुदाय तथा मानिसहरुका साथै प्रायोजक बालबालिकाहरूलाई केन्द्रित गर्दै र तिनीहरूका परिवारहरूलाई सुरक्षित, सम्मानजनकर सुरक्षात्मक वातावरणमा पुनः प्राप्ति गर्न सहयोग गर्ने लक्ष्यराखेको छ ।साथै दीर्घकालीन अवधिको लागि जलवायु-प्रेरित प्रकोपप्रति उनीहरूको सचेतना तथा क्षमता अभिबृद्धिगर्नु  र युवा तथा किशोरहरूलाई सशक्तिकरण रस्थानीय नेतृत्वमा अनुकूलनको माध्यमबाट जलवायु प्रतिरोधी तथा जलवायु सचेत **खानेपानी सरसफाइ** तथा स्वच्छतासेवाहरू र अभ्यासहरू सुनिश्चित गर्नु समग्र लक्ष्य तथा उद्देश्य रहेको छ । यसका साथै परियोजनाको प्रमुख उद्देश्यहरु निम्मानुसार रहेका छन् ।

१. बाढी र पहिरोबाट प्रभावित समुदायमा जलवायु उत्थान तथा संवेदनशील **खानेपानी सरसफाइ** तथा स्वच्छता (WASH) पूर्वाधार र अभ्यासहरू मर्मत गर्नु ।

२.खानेपानी सरसफाइ तथा स्वच्छता गतिविधिहरुमा महिला र किशोरीहरूको सहभागिता र नेतृत्व वृद्धि गर्नु ।

३. जलवायु परिवर्तन सचेत समुदायको विकास गर्न,  प्रवर्द्धन गर्न र समर्थन गर्नु ।

## ४. परियाजनाको क्षेत्र

**परियोजनाका क्षेत्रहरु (Scopes of the Project)**

- **खानेपानी सरसफाई तथा स्वच्छताको सहज अभ्यास तथा पुर्वाधार निर्माण**
- **जलवायु परिवर्तनमा महिला र किशोरीहरुको सहभागिता तथा नेतृत्व विकास**
- **समाजमा जलवायु जोखिम सम्बन्धि ज्ञान र सचेतना अभिवृद्धि**

## ५.परियोजनाकाप्रमुख सरोकारवालाहरु



## ६. परियोजनाको लागत र वितरण

जलवायु उत्थान खानेपानी सरसफाई स्वच्छतापरियोजनाको कुल लागत रु **१,४९,७३,२११** । अक्षेरुपी: एक करोड अनपचास लाख तिरहत्तर हजार दुई सय एघार मात्र रहेको छ ।यसै गरी सिंजागा.पा.मा यस परियोजनाबाट जम्मा रु ३८,५७,८६५बराबरको बजेट विनियोजन गरी विभिन्न क्रियाकलापहरु सञ्चालन गरियो ।

परियोजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न यस परियोजनाले सिंजा गाउँपालिकाका विभिन्न समुदायमा तल उल्लेखित बमोजिम आयोजना कार्यान्वयन तथा वितरण गरेको छ ।

**तालिका १** (यस सिंजा गा.पा.मा सञ्चालन भएका क्रियापलापको लागत सहितको विवरण)

| सि. न. | योजना तथा क्रियाकलापको नाम | ठेगाना | मुख्य हस्तक्षेप | लागत रकम | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | परियोजनाको लागत | लाभग्रहीको योगदान | स्थानिय सरकारको लागत | |
| १ | व्यक्तिगत खानेपानी धारा निमार्ण | जाँच वडा न. १ | ५३ घरधुरीमा व्यक्तिगत धारा निर्माण | ६,६२,५०० | २,४२,९५५ | | |
| २ | व्यक्तिगत शौचालय निमार्ण | चुलेलगाँउ वडा न. २ र नराकोट वडा न. ३ | चुलेलगाँउमा ३६ र नराकोटमा ८ गरी जम्मा ४४ घरधुरीमा व्यक्तिगत शौचालय निर्माण | ७,४८,००० | ३२,७६,१७२ | | |
| ३ | विद्यालय खानेपानी,सरसफाई र स्वच्छताका सुबिधाहरु पुर्नस्थापना | १. कालिका आ.वि विष्टवाडा, २ | शौचालय र खानेपानी धारा मर्मत | १,१४,३४१ | | | |
| | | २. मालिका मा.वि. धापा, १ | पाइपलाईन र धारा मर्मत र स्थानिय वडा पालिकाको १२०० मि. २५ mm को पाइप सहयोग | २,३०,३८२ | ८४,२७० | ९३,६०० | |
| ४ | खानेपानीका संरचना मर्मत, निर्माण र पुर्नस्थापना | १. चुलेलगाँउ खा. पा. योजना, चुलेलगाँउ, २ | पाईपलाईन र उत्खनन ज्याला | २,८६,९७५ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २. धापा खा. पा. योजना, धापा, १ | पानी सकंलन ट्याकीं, धारा निर्माण र पाईप लाइन | ४,०९,००० | ४९,२३० | | |
| ५ | बिद्यालयस्तरमा महिनावारी स्वास्थ्य तथा सरसफाइ व्यवस्थापन सेवा मर्मत वा सामग्री वितरण | १.फुटाशिलि ओ. वि. धिताली, ३ | महिनावारी स्वास्थ्य तथा सरसफाइ सेवा स्थापनाको लागी सामग्री वितरण | १,००,००० | | | |
| | | २. मालिका मा.वि. धापा, १ | महिनावारी स्वास्थ्य तथा सरसफाइ सेवा स्थापनाको लागी सामग्री वितरण र प्याड पिट निर्माण | १,००,००० | | | |
| ६ | जलवायु परिवर्तन र खानेपानी, सरसफाई र स्वच्छता सुविधाहरु सम्बन्धि कार्याशाला | सम्बन्धित सहभागी सहित हिमा कर्णाली होटेल नरकोट | जलवायु परिवर्तन र खानेपानी, सरसफाई र स्वच्छता सुविधाहरु विस्तारको लागी सम्बन्धित सरोकार वालाहरु सगं २ दिने कार्याशाला गोष्टी | ७५,००० | | | |
| ७ | महिला,युवा (किशोरी) र अपांगता भएका व्यक्तिहरुलाई जलवायु जोखिम खानेपानी, सरसफाई, स्वच्छता, अधिकार र नेतृत्व सम्बन्धि तालिम | सम्बन्धित सहभागी सहित हिमा कर्णाली होटेल नरकोट | महिला,युवा (किशोरी) र अपांगता भएका व्यक्तिहरुलाई जलवायु जोखिम खानेपानी, सरसफाई, स्वच्छता, अधिकार र नेतृत्व सम्बन्धि २ दिने तालिम | १,००,००० | | | |
| ८ | लैंगिक रुपान्तरण, अपाङ्गता र समावेशी खानेपानी, सरसफाई स्वच्छता बश्तु तथा उत्पादन, बितरण र विद्यमान स्थानीय खुद्राब्यापारी र उत्पादनकर्ताको प्रवर्द्धन सम्बन्धि अभिमुखीकरण | सम्बन्धित सहभागी सहित सिजा गा.पा. | लैंगिक रुपान्तरण, अपाङ्गता र समावेशी खानेपानी, सरसफाई स्वच्छता बश्तु तथा उत्पादन, बितरण र विद्यमान स्थानीय खुद्रा व्यापारी र उत्पादनकर्ताको प्रवर्द्धन सम्बन्धि २ दिने अभिमुखीकरण | ५०,००० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | समुदायमा जलवायु उत्थानशील खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि युवा समूह गठन र क्षमता बिकास | सम्बन्धित सहभागी सहित सिजा गा.पा. | समुदायमा जलवायु उत्थानशील खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका लागि युवा समूह गठन र २ दिने क्षमता बिकास कार्यक्रम (२ वटा) | १,५०,००० | | | |
| १० | पालिका र स्थानीय सरकारमा खानेपानी, सरसफाई तथा स्वच्छता र जलवायु परिवर्तन सम्बन्धि निर्णय प्रकृयामा महिला, किशोरी र फरक क्षमता भएका ब्यक्तिहरुको प्राथमिकीकरण सम्बन्धि पैरवी कार्यक्रम | सम्बन्धित सहभागी सहित सिजा गा.पा. | पालिका र स्थानीय सरकारमा खानेपानी, सरसफाई तथा स्वच्छता र जलवायु परिवर्तन सम्बन्धि निर्णय प्रकृयामा महिला, किशोरी र फरक क्षमता भएका ब्यक्तिहरुको प्राथमिकीकरण सम्बन्धि २ दिने पैरवी कार्यक्रम (२ वटा) | १,००,००० | | | |
| ११ | समुदाय तथा विद्यालय स्तरमा जलवायु उत्थानशील खानेपानी, सरसफाई र स्वच्छताका अभ्यास सम्बन्धि सचेतना अभिवृद्धि । | सम्बन्धित सहभागी सहित सिजा गा.पा. | समुदाय तथा विद्यालय स्तरमा जलवायु उत्थानशील खानेपानी, सरसफाई र स्वच्छताका अभ्यास सम्बन्धि २ दिने सचेतना अभिवृद्धि कार्यक्रम । (३ वटा) | १,८०,००० | | | |
| १२ | पालिका,समुदाय र विद्यालयमा सुरक्षित सरसफाई ब्यवस्थापन सम्बन्धि अभियान | सम्बन्धित सहभागी सहित सिजा गा.पा. | पालिका,समुदाय र विद्यालयमा सुरक्षित सरसफाई ब्यवस्थापन सम्बन्धि २ दिने सचेतना अभियान (२ वटा) | १,००,००० | | | |
| १३ | खानेपानी, सरसफाई र स्वच्छताका क्षेत्रमा जलवाय जन्य विपद् र समुदायको सुरक्षित प्रतिकार्य लागि बिद्यार्थी, शिक्षक,बिद्यालय ब्यवस्थापन समिति,युवा,अगुवाहरुलाई क्षमता बिकास | सम्बन्धित सहभागी सहित सिजा गा.पा. | खानेपानी, सरसफाई र स्वच्छताका क्षेत्रमा जलवाय जन्य विपद् र समुदायको सुरक्षित प्रतिकार्य लागि बिद्यार्थी, शिक्षक,बिद्यालय ब्यवस्थापन समिति,युवा,अगुवाहरुलाई २ दिने क्षमता बिकास कार्यक्रम | ७५,००० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | लक्षित जनसंख्यामा खानेपानी, सरसफाई र स्वच्छताका र महिनाबारी स्वच्छता व्यवस्थापन सम्बन्धी जनचेततामूलक कार्यक्रम ( रेडियो कार्यक्रम, पोस्टर, पम्पलेट,भित्ते लेखन-समुदाय, स्वास्थ्य सेवाहरु र बिद्यालय) | सम्बन्धित सहभागी सहित सिजा गा.पा. | लक्षित जनसंख्यामा तथा समुदाय, स्वास्थ्य सेवाहरु र बिद्यालयमा खानेपानी, सरसफाई र स्वच्छताका र महिनाबारी स्वच्छता व्यवस्थापन सम्बन्धी जनचेततामूलक कार्यक्रम ( रेडियो कार्यक्रम, पोस्टर, पम्पलेट,भित्ते लेखन) | २,४६,६६७ | | | |
| १५ | समुदाय र बिद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन/पुनर्गठन र अभिमूखीकरण | सम्बन्धित सहभागी सहित सिजा गा.पा. | समुदाय र बिद्यालयमा खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन/पुनर्गठन र २ दिने अभिमूखीकरण कार्यक्रम (२ वटा) | १,००,००० | | | |
| १६ | विद्यालयमा महिनावारी स्वच्छता सुधारका लागी सोलार प्रणाली जडान | मालिका मा.वि. धापा, १ | विद्यालयमा महिनावारी स्वच्छता सुधारका लागी सोलार प्रणाली जडान | १,२०,००० | | | |
| **जम्मा** | | | | **३८,५७,८६५** | **३२,५३,६२७** | **९३,६००** | |

## ७. परियोजना सम्बन्धि कागजातहरु

जलवायु उत्थान खानेपानी सरसफाई स्वच्छतापरियोजना अर्न्तगत यस सिंजागा.पा.मा विभिन्न क्रियाकलाप मार्फत लाभान्वित भएका लाभग्राहीको जानकारी र सञ्चालन गरिएका क्रियाकलापहरुको प्रतिवेदन सहितको लागत विवरण तल उल्लेख गरिएको छ ।

### क. लाभग्रहीहरुको विवरण

तालिका २ (व्यक्तिगत खानेपानी धारा निमार्ण कार्यबाट लाभान्वित लाभग्राहीहरुको विवरण)

| सि. न. | घरमुलीको नाम (हालको) | ठेगाना | सि. न. | घरमुलीको नाम (हालको) | ठेगाना | सि. न. | घरमुलीको नाम (हालको) | ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| १ | चन्द्रकन्या आर्चाय | जाचँ, वडा न. १ | १९ | राजपुरा दमाई | जाचँ, वडा न. १ | ३७ | मनबुजा दमाई | जाचँ, वडा न. १ |
| २ | भरत आर्चाय | जाचँ, वडा न. १ | २० | लाटी कोइला कामी | जाचँ, वडा न. १ | ३८ | रमेश आचार्य | जाचँ, वडा न. १ |
| ३ | राजपुरा रावल नेपाल | जाचँ, वडा न. १ | २१ | धर्म राज आर्चाय | जाचँ, वडा न. १ | ३९ | रबिन्द्र कामी | जाचँ, वडा न. १ |
| ४ | लक्ष्मी रावल | जाचँ, वडा न. १ | २२ | अमृता आर्चाय | जाचँ, वडा न. १ | ४० | दिपक रोकाया | जाचँ, वडा न. १ |
| ५ | खड्क बहादुर रोकाया | जाचँ, वडा न. १ | २३ | रामसिता दमाई | जाचँ, वडा न. १ | ४१ | दिनेश काफ्ले | जाचँ, वडा न. १ |
| ६ | ज्योती दमाई | जाचँ, वडा न. १ | २४ | धर्म दत्त आर्चाय | जाचँ, वडा न. १ | ४२ | अशोजी दमाई | जाचँ, वडा न. १ |
| ७ | काशीकला रावल | जाचँ, वडा न. १ | २५ | डिल्ली दमाई | जाचँ, वडा न. १ | ४३ | जलफा आर्चाय | जाचँ, वडा न. १ |
| ८ | धन ब. दमाई | जाचँ, वडा न. १ | २६ | अन्जु आचार्य | जाचँ, वडा न. १ | ४४ | तन्जन खत्री | जाचँ, वडा न. १ |
| ९ | जय प्रकाश आर्चाय | जाचँ, वडा न. १ | २७ | रुप ब. नेपाल | जाचँ, वडा न. १ | ४५ | सगुने दमाई | जाचँ, वडा न. १ |
| १० | नवदुर्गा आर्चाय | जाचँ, वडा न. १ | २७ | ओम ब. नेपाल | जाचँ, वडा न. १ | ४६ | मेनका महत | जाचँ, वडा न. १ |
| ११ | जय ब. खत्री | जाचँ, वडा न. १ | २९ | नर ब. जि.शि. | जाचँ, वडा न. १ | ४७ | कृष्ण दमाई | जाचँ, वडा न. १ |
| १२ | विष्णु हरी आर्चाय | जाचँ, वडा न. १ | ३० | हिउँका दशौदी | जाचँ, वडा न. १ | ४८ | तारा नेपाल | जाचँ, वडा न. १ |
| १३ | काली ब. रोकाया | जाचँ, वडा न. १ | ३१ | दल सिंद दमाई | जाचँ, वडा न. १ | ४९ | रेखा खत्री | जाचँ, वडा न. १ |
| १४ | सुनलाल दमाई | जाचँ, वडा न. १ | ३२ | लकं प्रसाद आर्चाय | जाचँ, वडा न. १ | ५० | सितला कु बम शाही | जाचँ, वडा न. १ |
| १५ | शक्तिमा के शी. हमाल | जाचँ, वडा न. १ | ३३ | अमृता आर्चाय | जाचँ, वडा न. १ | ५१ | सरिताउपाध्याय | जाचँ, वडा न. १ |
| १६ | पदम कन्या आर्चाय | जाचँ, वडा न. १ | ३४ | नरेन्द्र आर्चाय | जाचँ, वडा न. १ | ५२ | सरिता हमाल | जाचँ, वडा न. १ |
| १७ | सयरुपा दमाई | जाचँ, वडा न. १ | ३५ | टुल्का आर्चाय | जाचँ, वडा न. १ | ५३ | धन ब. नेपाल | जाचँ, वडा न. १ |
| १८ | धर्म सिं कामी | जाचँ, वडा न. १ | ३६ | राजपुरा खत्री आर्चाय | जाचँ, वडा न. १ | | | |

तालिका ३ (व्यक्तिगत शौचालय निमार्ण कार्यबाट लाभान्वित लाभग्राहीहरुको विवरण)

| सि. न. | घरमुलीको नाम (हालको) | ठेगाना | सि. न. | घरमुलीको नाम ( हालको) | ठेगाना | सि. न. | घरमुलीको नाम ( हालको) | ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| १ | लाले वड | चुलेलगाउँ, वडा न. २ | १६ | कर्मकन्या हमाल | चुलेलगाउँ, वडा न. २ | ३१ | पदम तिरुवा | चुलेलगाउँ, वडा न. २ |
| २ | धन ब वड | चुलेलगाउँ, वडा न. २ | १७ | गोविन्द आर्चाय | चुलेलगाउँ, वडा न. २ | ३२ | तेज ब खत्री | चुलेलगाउँ, वडा न. २ |
| ३ | अमर सिं वड | चुलेलगाउँ, वडा न. २ | १८ | अधि राज आर्चाय | चुलेलगाउँ, वडा न. २ | ३३ | श्रीलाल आर्चाय | चुलेलगाउँ, वडा न. २ |
| ४ | तिर्थ वड | चुलेलगाउँ, वडा न. २ | १९ | रतन वड | चुलेलगाउँ, वडा न. २ | ३४ | प्रमिला आर्चाय | चुलेलगाउँ, वडा न. २ |
| ५ | मान ब. वड | चुलेलगाउँ, वडा न. २ | २० | राम ब. खत्री | चुलेलगाउँ, वडा न. २ | ३५ | बिष्णु कान्त वड | चुलेलगाउँ, वडा न. २ |
| ६ | सिंह वड | चुलेलगाउँ, वडा न. २ | २१ | हिमाल बिष्ट | चुलेलगाउँ, वडा न. २ | ३६ | भद्द आर्चाय | चुलेलगाउँ, वडा न. २ |
| ७ | दाने वड | चुलेलगाउँ, वडा न. २ | २२ | मोहन सिं खत्री | चुलेलगाउँ, वडा न. २ | ३७ | दलबिर सुनार | चुलेलगाउँ, वडा न. ३ |
| ८ | धन ब.वड | चुलेलगाउँ, वडा न. २ | २३ | नरेन्द्राज तिवारी | चुलेलगाउँ, वडा न. २ | ३८ | गगां राम सुनार | चुलेलगाउँ, वडा न. ३ |
| ९ | दत्त तिरुवा | चुलेलगाउँ, वडा न. २ | २४ | देव नारायण तिवारी | चुलेलगाउँ, वडा न. २ | ३९ | जय ब. हमाल | चुलेलगाउँ, वडा न. ३ |
| १० | सर्प वड | चुलेलगाउँ, वडा न. २ | २५ | उमाकान्त न्यौपाने | चुलेलगाउँ, वडा न. २ | ४० | प्रकास शर्मा | चुलेलगाउँ, वडा न. ३ |
| ११ | करनजित वड | चुलेलगाउँ, वडा न. २ | २६ | मयदत आर्चाय | चुलेलगाउँ, वडा न. २ | ४१ | असाडे शार्की | चुलेलगाउँ, वडा न. ३ |
| १२ | धन राज वड | चुलेलगाउँ, वडा न. २ | २७ | धर्म सार्की | चुलेलगाउँ, वडा न. २ | ४२ | धन ब घर्ती | चुलेलगाउँ, वडा न. ३ |
| १३ | दत्तं राज वड | चुलेलगाउँ, वडा न. २ | २७ | थुमा खत्री | चुलेलगाउँ, वडा न. २ | ४३ | गोबिन्द चोलागाँई | चुलेलगाउँ, वडा न. ३ |
| १४ | तिर्थ वड | चुलेलगाउँ, वडा न. २ | २९ | देवी कन्या जैशी | चुलेलगाउँ, वडा न. २ | ४४ | धन प्र. चौलागाईं | चुलेलगाउँ, वडा न. ३ |
| १५ | देवीकृष्ण आर्चाय | चुलेलगाउँ, वडा न. २ | ३० | जसे तिरुवा | चुलेलगाउँ, वडा न. २ | | | |

## ग. परियोजना अवधिका फोटोहरु

### १). व्यक्तिगत शौचालय,निर्माण चुलेलगाउँ








| | | |
|---|---|---|
| व्यक्तिगत शौचालय, चुलेलगाउँनिर्माण कार्य | निमार्णको क्रममा | निर्माण पश्चात |

### २). व्यक्तिगत धारा निमार्ण जाचाँगाउँ







| | | |
|---|---|---|
| व्यक्तिगत धारा निमार्ण जाचाँगाउँ निर्माण | निमार्ण कार्य | निर्माण पश्चात |

**३). विद्यालय खानेपानी निर्माण**

३.१)मालिका माध्यमीक विद्यालय पाइपलाइन निर्माण कार्य (सिजां .-१, धापा)

| | | |
|---|---|---|
|  |  |  |
| आधारभुत्तविद्यालय धारा निर्माण कार्य | पाइपलाइनधारा निमार्णको क्रममा | धारानिर्माण पश्चात |

**३.२) कालिका आधारभुत्तविद्यालय पाइपलाइन निर्माण कार्य (सिजां-२, बिस्टबाडाँ)**

| | | |
|---|---|---|
|  |  |  |
| विद्यालय धारा निर्माण पुर्व | धारा निमार्णको क्रममा | निर्माण पश्चात |

| | | |
|---|---|---|
|  |  |  |
| विद्यालय शौचालय निर्माण कार्य पुर्व | शौचालय निमार्णको क्रममा | शौचालय निर्माण पश्चात |

४). **सामुदायखानेपानी निर्माण**

४.१)चुलेलगाउँ खानेपानी पाइपलाइन निर्माण कार्य (सिजां -२, चुलेलगाउँ)

| | | |
|---|---|---|
|  |  |  |
| खानेपानी पाइपलाइन निर्माण पुर्व | पाइपलाइन निमार्णको क्रममा | पाइपलाइनपुर्ने निर्माण पश्चात |

४.२) धापा आर.वि.टी  र पाइपलाइन निर्माण कार्य (सिजां.०१, धापा)

| | | |
|---|---|---|
|  |  |  |
| आर.वि.टीको पि.सि.सि. गर्दा | आर.वि.टी  निमार्णको क्रममा | निर्माण पश्चात |

| | | |
|---|---|---|
|  |  |  |
| महिनावारी स्वच्छता व्यबस्थापनको लागी आराम कक्ष मालिका मा. वि. धापा, १ | महिनावारी स्वच्छता व्यबस्थापनको लागी सोलार प्रणाली जडान (मालिका मा. वि. धापा, १) | महिनावारी स्वच्छता व्यबस्थापनको लागी प्याड पिट निमार्ण (मालिका मा. वि. धापा, १) |

| | | |
|---|---|---|
|  |  |  |
| शिक्षक, विद्यालय, अभिभावकहरु सगं वाश सम्बन्धि क्षमता अभिबृद्धि कार्यक्रम | वाश सरोकारवालाहरु सग २ दिने कार्याशाला गोष्टि कार्यक्रम | लैगिंक रुपान्तरण र समावेशी वाश सम्बन्धि २ दिने अभिमुखिकरण कार्यक्रम |

| | | |
|---|---|---|
|  |  |  |
| सरोकारवाला सगं वास सम्बन्धि २ दिने अभिमुखिकरण | आमा समुह र युवा क्लबहरु सगं जलवायु उत्थान वाश | सुरक्षित सरसफाई अभियान कार्यक्रम (ठुलो चिउडी) |

| | | |
|---|---|---|
| कार्यक्रम | सम्बन्धि २ दिने क्षमता अभिबृदि कार्यक्रम | |

## ८. असल अभ्यास तथा सिकाइ

यो परियोजना कार्यान्वयन शिलशिलामा केहि असल अभ्यासहरु गरिएका छन् भने केही उल्लेखिय सिकाइहरु पनि भएका छन् । जुन निम्नानुसार बुँदागतरुपमा उल्लेख गरिएको छ ।

**असल अभ्यासहरुः**

- सम्बन्धित सरोकारवालाहरूसँग निकट समन्वय र सहयोगः जसले गर्दा परियोजना कार्यान्वयनको अवधिमा उत्पन्न हुने द्वन्द्वहरुसजिलै सगं समाधान गर्न सहज, स्रोत बाँडफाँड र सम्बन्धित सरोकारवालाको सन्तुष्टिजस्ता पक्षमा विशेष सहयोग पुगेको छ ।
- सामुदायिक परिचालनः स्थानीय ज्ञान र विशेषज्ञताको प्रयोग, स्वामित्व ग्रहण, सशक्तिकरण, जागरूकता निर्माण
- संलग्नता र सहभागिताः
- कामको लागि नगद मोडालिटीः यसमा पुरुष र महिला दुवै समावेश हुन्छन् । प्राप्त गरेको नगदले बालबालिका, महिला, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको अन्य आधारभूत आवश्यकताहरू पूरा गर्न मद्दत गर्दछ।
- मुल्य भौचरः गैर स्थानिय सामग्री वितरणका लागी प्रयोग गरिएको उत्तम विधि हो ।

**मुख्य सिकाईहरुः**

- आवधिक भित्तेपात्रोको प्रयोग : परियोजनाको कुनै पनि क्रियाकलाप सञ्चालन गर्दा स्थानिय भित्रे पात्रोको प्रयोग गर्न जरुरी हुन्छ । स्थानिय चाडपर्व, कृषिकार्य आदिको समयमा स्थानियहरु सरोकारवाला व्यस्त हुने हुदाँ त्यस अवधिमा क्रियाकलाप सञ्चालन गर्दा नहुन सक्छ ।
- मौसमी भित्तेपात्रोको प्रयोगः सरंचना निर्माणका कार्यकोलागी परियोजना क्षेत्रमा हिउँदे समयमा प्रतिकुल मौसम हुने भएकाले मौसमी भित्तेपात्रोको प्रयोग गरियो ।
- स्थानिय ढुवानीकर्ता छनौट गर्नु पुर्व बजारको अध्ययन गरिनु ।
- कामको लागि नगद मोडालिटी विधि प्रभावकारी हुनु आदि ।

## ९.समस्या तथा चुनौतीहरु

कुनै पनि परियोजना कार्यान्वयनको समयमा विभिन्न समस्या तथा चुनौतीहरुको सामना गर्नु पर्ने हुन्छ, जसअन्तर्ग जलवायु उत्थान खानेपानी सरसफाई स्वच्छतापरियोजनामा सञ्चालनको तथा कार्यान्वनको अवधिमा निम्न लिखित चुनौतीहरु देखा परेका छन् ।

- यातायातको सुविधाको अर्पयाप्तताः
- प्रतिकुल मौसमः
- मौसमी बसाईसराई तथा बाह्य रोजगारको कारण पुरुष सहभागीतामा कमिः
- समुदायको परम्परागत अभ्यास र व्यवहार परिवर्तनमा कठिनाई जसले गर्दा खानेपानी सरसफाईको स्वच्छतामा कम प्राथमिकता दिनुः
- सोत साधनको अर्पयाप्तताः

गैर स्थानिय सामग्री वितरणका गर्दा प्रयोग गरिएको मुल्य भौचर विधिको केहि नमुना तस्बिरहरु

भौचर नं: ८6

प्लान इन्टरनेशनल नेपाल र पेस नेपालको साझेदारीमा

**जलवायु उत्थान खानेपानि सरसफाई स्वच्छता परियोजना**

जारी रु. १४,०००./- बराबरको

**निमार्ण सामग्री भौचर विवरण**

| क.स | बाह्य सामाग्री विवरण | ब्राण्ड / गुणस्तर | एकाई | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Cement OPC | NS/Equivalent | Nos. | 3.00 | 1,290.00 | 3870.00 | |
| २ | TMT bar 8mm | NS/Equivalent | Kg. | 17.20 | 120.00 | 2040.00 | |
| ३ | Pain set with all fitting | NS/Equivalent | Nos. | 1.00 | 1,000.00 | 1,000.00 | |
| ४ | 4" dia. PVC pipe | NS/Equivalent | Nos. | 3.00 | 300.00 | 900.00 | |
| ५ | Water tank 50 Ltr | NS/Equivalent | Nos. | 1.00 | 450.00 | 450.00 | |
| ६ | Sanitation work | NS/Equivalent | Nos. | 1.00 | 50.00 | 50.00 | |
| ७ | CGI sheet (0.46mm) Gauge-8' | NS/Equivalent | Nos. | 3.06 | 1,700.00 | 5,100.00 | |
| ८ | Cap Nail-4" | NS/Equivalent | Kg. | 0.50 | 170.00 | 85.00 | |
| ९ | Hinge 100 mm | NS/Equivalent | Nos. | 3.09 | 20.00 | 60.00 | |
| १० | Cheskeni 150 mm | NS/Equivalent | Nos. | 2.00 | 35.00 | 70.00 | |
| ११ | Handle 4" | NS/Equivalent | Nos. | 1.00 | 315.00 | 315.00 | |
| १२ | Looking set 300 mm | NS/Equivalent | Nos. | 1.00 | 35.00 | 35.00 | |
| १३ | Screw | NS/Equivalent | Nos. | 25.72 | 1.00 | 25.00 | |

*नोट : सामग्रीका गुणस्तर र परिमाण हेरेर मात्र खरिद गर्नु होला । गुणस्तर अन्यथा भए संस्था जिम्मेवार हुने छैन*

**२.भौचर हस्तान्तरण**

| गाउँपालिको तर्फबाट | पेस नेपालको तर्फबाट | लाभ ग्राहीको तर्फबाट |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पद : वडा अध्यक्ष | पद : C.S. | फोन नं. |

PLAN INTERNATIONAL

PACE-NEPAL _Together For Social Change

भौचर नं: 3[illegible]

प्लान इन्टरनेशनल नेपाल र पेस नेपालको साझेदारीमा

**जलवायु उत्थान खानेपानि सरसफाई स्वच्छता परियोजना**

जारी रु. ९२५५/- बराबरको

**निमार्ण सामग्री भौचर विवरण**

| क.स | बाह्य सामाग्री विवरण | ब्राण्ड / गुणस्तर | एकाई | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Cement OPC | NS/Equivalent | Bags | 2.00 | 1,290.00 | 2580 | |
| २ | TMT reinforcement bar 8mm | NS/Equivalent | Kg | 3.68 | 120 | 442 | |
| ३ | 1/2 GI Nipple | NS/Equivalent | Pcs | 1.00 | 80 | 80 | |
| ४ | 1/2 GI Union | NS/Equivalent | Pcs | 2.00 | 200 | 400 | |
| ५ | 1/2 GI Socket | NS/Equivalent | Pcs | 2.00 | 45 | 90 | |
| ६ | 1/2 GI Elbow | NS/Equivalent | Pcs | 2.00 | 45 | 90 | |
| [illegible] | 1/2 Brass Union | NS/Equivalent | Pcs | 1.00 | 350 | 350 | |
| ८ | Water Meter | NS/Equivalent | Pcs | 1.00 | 1650 | 1650 | |
| ९ | Brass Tap 400 grm | NS/Equivalent | Pcs | 1.00 | 700 | 700 | |
| [illegible] | White chuna | NS/Equivalent | Kg | 1.00 | 35 | 35 | |
| ११ | Gum/Febical | NS/Equivalent | Kg | 0.50 | 280 | 140 | |
| १२ | Apex paint weather | NS/Equivalent | Ltr | 0.50 | 546 | 273 | |
| १३ | Nails (2") | NS/Equivalent | Kg | 0.23 | 150 | 40 | |
| १४ | HDPE Pipe 63mm dia 6kgf/cm2 | NS/Equivalent | M | 5.00 | 200 | 1000 | |
| १५ | Gi pipe 90 cm | NS/Equivalent | Pcs | 1 | 550 | 550 | |
| १६ | Gi pipe 50 cm | NS/Equivalent | Pcs | 1 | 435 | 435 | |
| १७ | Gi pipe 40 cm | NS/Equivalent | Pcs | 1 | 400 | 400 | |


*नोट : सामग्रीका गुणस्तर र परिमाण हेरेर मात्र खरिद गर्नु होला । गुणस्तर अन्यथा भए संस्था जिम्मेवार हुने छैन*

२.भौचर हस्तान्तरण

| गा[illegible]लिको तर्फबाट | पेस नेपालको तर्फबाट | लाभ ग्राहीको तर्फबाट |
|---|---|---|
| नाम : वडा अध्यक्ष | नाम : <br> पद : C.S. | नाम : <br> फोन नं. 9746547984 |

PLAN INTERNATIONAL

PACE-NEPAL _Together For Social Change



## १०. परियोजना कर्मचारीको विवरण

| क.स. | कर्मचारीको नाम | पद | प्रतिनिधि संस्था |
|---|---|---|---|
| १ | प्रेम बहादुर लुहार | कार्यक्रम सयोंजक | प्लान ईन्टरनेशनल नेपाल |
| २ | राम प्रसाद उप्रेती | कार्यक्रम सयोंजक | पेस नेपाल जुम्ला |
| ३ | हर्क बहादुर रावत | निर्माण सुपरिवेक्षक | पेस नेपाल जुम्ला |
| ४ | बुद्दिमल रावत | परियोजना सुपरिवेक्षक | पेस नेपाल जुम्ला |
| ५ | नवानन्द दवाडी | परियोजना सुपरिवेक्षक | पेस नेपाल जुम्ला |

## ११. अगामी कार्यका लागी सुझावहरु

यस सिंजा गाउँपालिकामा खानेपानी सरसफाई स्वच्छताको क्षेत्रमा व्यापक सुधार गर्न समुदाय स्तरमा प्रर्याप्त शुद्ध खानेपानीको व्यबस्थापन र सरसफाई स्वच्छताका सुविधाहरुको विस्तार गरी जनसमुदायको स्वास्थ्य सुरक्षाको प्रत्याभुतीका लागी र वातावरणिय स्वच्छता कायम गर्न निम्नानुसारको पक्षमा ध्यान दिन आवश्यक देखिन्छ ।

- खानेपानी सरसफाई स्वच्छताको क्षेत्रलाई प्राथमिकता दिनु ।
- जलवायु उत्थान खानेपानी सरसफाई स्वच्छताको अभ्यास गर्नु ।
- खानेपानीका मुहान सरंक्षणका लागी आवश्यक योजना निमार्ण गर्नु ।
- समुदाय स्तरमा सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्न सेवा सुविधाको विस्तार गर्नु ।